# मार्मा गाउँपालिका राजपत्र

खण्डः८ संख्याः५ मितिः ०८१/०२/०१

भागः२

# जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०८१

## मार्मा गाउँपालिका
## लटिनाथ दार्चुला
## सुदूरपश्चिम प्रदेश नेपाल

# जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०८१

## कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१/२७

**प्रस्तावानाः**

नेपालको संविधानमा धारा ४१ मा ज्येष्ठ नागरिकको हक सम्बन्धि व्यवस्था गरिएको छ । उल्लेखित बिषय कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (२) को खण्ड (त) मा ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धि अधिकार प्रयोग तथा कार्यवन्वयन गर्ने व्यवस्था रहेको छ । ज्येष्ठ नागरिकहरुलाई संरक्षण र समाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरि निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिबृद्धि गर्नुका साथै राज्य द्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यस्थापन गरि नेपालको संविधानको अनुसूची -८ को क्र.स.१६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम मार्मा गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुको पहिचान गरि परिचयपत्र वितरण गर्ने कार्यलाई प्रभावकारी बनाउन स्थानीय कानुन बनाउनु वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बनेको मार्मा गाउँपलिकाको प्रशासकीय कार्यविधि (नियमित ऐन )ऐन २०७५ को दफा (४) बमोजिम ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धि कार्यविधि २०८१ स्वीकृत गरि लागु गरिएको छ।

<u>परिच्छेद-१</u>

<u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धि कार्यविधि २०८१  रहेको छ ।

ख. यो कार्यविधि मार्मा गाउपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ संझनु पर्छ ।

ख. “नियमावली” भन्नाले जेष्ठ नागरिक नियमावलि ,२०६५ सम्झनु पर्छ ।

ग. “स्थानीय तह” भन्नाले मार्मा गाउँपालिका लटिनाथ दार्चुला सम्झनु पर्छ ।

घ. “कार्यपालिका” भन्नाले मार्मा गाउँपालिकाको गाउँकार्यपालिका लाई सम्झनु पर्छ  ।

ङ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ  ।

च. “वडा कार्यालय” भन्नाले मार्मा गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्छ  ।

छ. “तोकिएको वा तोकीए बमोजिम” भन्नाले कानुनमा तोकिएको वा तोकीए बमोजिम हुनेछ  ।

## परिच्छेद-२

## परिचय-पत्र सम्बन्धि व्यवस्था

**३. उदेश्यः**

क. ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लागत राख्ने ।

ख. नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरि निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरि विकास प्रकियामा सहभागी गराउने ।

४. **लक्षित बर्गः** जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले परिभाषित गरे अनुसारका ६० बर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरुलाई यस कार्यविधि अनुसार लक्षित बर्ग हुनेछन् ।

५. **परिचय—पत्र वितरणका आधारः** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम जेष्ठ नागरिकको हक जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकलाई परिचय पत्र दिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

६. **जेष्ठ नागरिकको बर्गीकरणः** जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम गरिएको छ ।

क. ६० बर्ष पुरा गरि ७० बर्ष उमेर पुरा नगरेको जेष्ठ नागरिक ।

ख. ७० बर्ष उमेर पुरा गरेको वरिष्ठ जेष्ठ नागरिक ।

ग. असहाय जेष्ठ नागरिक ।

घ. अशक्त जेष्ठ नागरिक ।

ङ. एकल जेष्ठ नागरिक ।

७. **परिचय —पत्र बितरणका मापदण्डः-** १) जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ बमोजिम ६० बर्ष उमेर पुगेका मार्मा बासि नेपाली नागरिकलाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

८. **जेष्ठ नागरिक परिचय पत्रको ढाँचाः**

क. जेष्ठ नागरिक परिचय पत्रको ढाँचा यस कार्यविधिको अनुसूची -२ बमोजिम हुनेछ ।

ख. जेष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिताको प्रमाण पत्रको आकार बराबरको हुनेछ । उक्त परिचय पत्र एकतर्फ नेपाली भाषामा र पछाडी तर्फ अंगेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

९. **परिचय पत्र वितरण प्रक्रियाः**

क. जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न ६० बर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित वडाको सिफरिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष

अनुसूची -१ मा तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्दछ ।

ख. निबेदनमा आफ्नो उमेर खुलेको नागरिताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति अटो साइजको फोटो संलग्न हुनु पर्दछ । यस प्रयोजनका लागि नागरिताको प्रमाण पत्र लाई आधार मानिनेछ ।

ग. जेष्ठ नागरिक परिचय पत्र जारी गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीलाई हुनेछ ।

घ. परिचय पत्र प्राप्त जेष्ठ नागरिकहरुको विवरण कार्यविधि अनुसूची-३ को ढाँचामा लगत राख्नु पर्नेछ।

ङ. उपदफा (५) बमोजिमको लगत विवरण तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरि गाउँकार्यपालिका कार्यालयले बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्ने छ र सोको विवरण प्रत्येक वडा कार्यालयलाई समेत उपलव्ध गराउनु पर्नेछ ।

च. यस गाउँपालिका वाहेक अन्य स्थानको नेपाली नागरिताको प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजले बसाईसराई वा मतदाता परिचय पत्र पेश गर्नु पर्दछ।

## परिच्छेद-३

## विविध

**१०. विविधः**

क. जेष्ठ नागरिक परिचय पत्र वितरणका लागि मार्मा गाउँपालिकाले मापदण्ड निर्धारण गरि लागु गर्न सक्नेछ।

ख. गाउँपलिकालाई आवश्यक लागेमा कार्यपालिका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ।

११. संशोधन सम्बन्धि व्यवस्थाः यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्नु पर्ने वान्छनीय भएमा गाउँ कार्यपालिका संशोधन तथा हेरफेर गर्न सक्नेछ।

१२. बचाउ तथा खारेजीः यो कार्यविधि बन्नु भन्दा पुर्व महिला तथा बालबालिका कर्यलायबाट जेष्ठ नागरिकहरुले प्राप्त गरेको जेष्ठ नागरिक परिचय पत्र यसै कार्यविधि बमोजिम भएको मानिनेछ र सो अनुसार विवरण भएका परिचय पत्र यस कार्यविधिको दफा ९ बमोजिम अद्यावधिक गराई लागत तयार गर्नु पर्नेछ।

## अनुसूची -१

## कार्यविधिको दफा (९)संग सम्बन्धि

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मार्मा गाउँपालिकाको कार्यालय,
लटिनाथ दार्चुला

**बिषयः जेष्ठ नागरिक परिचय –पत्र सम्बन्धमा**

मार्मा गाउँपालिका............वडा ............................बस्ति/टोल स्थायी ठेगाना भएको म ............................................ जेष्ठ नागरिक परिचय पत्र पाउन योग्य भएकोले तपशिल बमोजिमको विवरण सहित परिचय पत्र उपलब्ध गराई दिन हुन यो निवेदन पेश गर्दछु ।

## क) निवेदकको विवरण

निवेदकको नामः ..........................................

स्थायी ठेगानाः ..................................जिल्ला ......................गा.पा. ..............वडा ..........बस्ती/टोल

सम्पर्क फोन नं ..................................

नागरिताको प्रमाण पत्र नं ...............................जारी जिल्ला ................................................

लिङ्ग ..........................................................जन्म मिति ...................................................

बुवा /आमाको नाम.........................................बाजेको नाम/थर ............................................

पति/पत्नी को नाम थर ........................................निवेदकको रक्त समुह .................................

जेष्ठ नागरिकको आर्थिक अवस्था तथा अन्य सम्पत्ति विवरण ............................................................................

औषधि उपचारको क्रममा भए रोगको नाम र प्रयोग गरि रहेको औषधि विवरण ...............................................................................................

## ख)संरक्षकको विवरण

संरक्षकको नामः ........................................

स्थायी ठेगानाः ..................जिल्ला .............गा.पा. .................वडा........................बस्ती/टोल

सम्पर्क फोन नं ....................

नागरिताको प्रमाण पत्र नं ................................ जारी जिल्ला .....................

लिंग ...............................जारी मिति .....................

निवेदक संगको नाता ........................

**<u>वडाको सिफारिस</u>**

निवेदकको विवरण प्रमाणित गरि जेष्ठ नागरिक परिचय पत्र उपलव्ध गराउनको लागी सिफारिसका साथ अनुरोध छ ।

दस्तखत ...........................

वडा अध्यक्षको नामः .......................

वडा ..................

मिति ........................

छाप .......................

**<u>ग)निबेदन संग संलग्न गर्नु पर्ने आवश्यक कागज पत्रहरु</u>**

- निवेदकको नागरिताको प्रमाण पत्र को प्रमाणित प्रतिलिपि
- २ प्रति अटो साइज फोटो
- संरक्षकको नागरिताको प्रमाण पत्रको प्रतिलिपि
- अन्य स्थानीय तह वा जिल्ला बाट नागरिकता गरि भएको भए बसाइसराईको प्रमाणित प्रतिलिपि  वा मतदाता परिचय पत्रको प्रतिलिपि
- निबेदन स्वयम् उपस्थित नभई संरक्षकले परिचय पत्र लिन चाहेमा संरक्षकको निवेदक संगको नाता प्रमाणित प्रतिलिपि

**अनुसूची -२**

**कार्यविधि दफा (८)संग सम्बन्धित**

**मार्मा गाउपलिका**

**गाउ कार्यपालिकाको कार्यालय**

**लटिनाथ दार्चुला**

**सुदूरपश्चिम प्रदेश**

**जेष्ठ नागरिक परिचय-पत्र**

प्रमाण पत्र नं

जारी मिति ................

नाम थर .................................... राष्ट्रियता ........................

ना.प्र.प.न. ................................जारी जिल्ला ......................

ठेगाना ;जिल्ला ................गा.पा................ वडा नं ......... टोल/गाउ ..................उमेर ;............. लिंग .......... जन्म मिति ................ रक्त समुह ..................उपलव्ध छुट तथा सुबिधा ...................पति/पत्नी/छोरा/छोरीको नाम ............ रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम ................ सम्पर्क फोन नं ...............................संरक्षकको नाम थर ...................सम्पर्क ठेगाना ....................

**प्रमाणित गर्ने**

दस्तखत.......................

नाम थर............................

पद.............................

छाप ...............................

## Marma Rural Municipality

## Office of rural municipality

## Latinath Darchula

## Senior citizenship card

Card No. issue date ..................

Name....................................... nationality..........................

Citizenship no issued date ..............

Address: district ................... municipality....................

Villages ward no ..............village...................... province no................... Age ........... sex............. date of birth .................... Available service ............................. Name of wife/husband/daughter/son .......................... Blood group ..................... Diseases name .......................... Name of drugs ................. Contact no .......................

Name of caretaker ..................... Address ……………………

**Approved by**

Signature

Name

Designation

Stamp

## अनुसूची ३

कार्यविधि दफा (९)को उपदफा (४)संग सम्बन्धित

मार्मा गाउँपालिका

मार्मा गाउँकार्यपालिकाको कार्यालय

लटिनाथ दार्चुला

**जेष्ठ नागरिक परिचय पत्र अभिलेख विवरण**

| सि.नं | नाम/थर | ठेगाना | जन्म मिति | ना.प्र.न. तथा जारी मिति | बुवा/आमा को नाम/थर | बाजे को नाम/थर | पति/पत्नी को नाम/थर | संरक्षक को नाम | जेष्ठ नागरिक परिचय पत्र नं.तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्ने

प्रमाणित गर्ने

नाम थरः

नाम थरः

पदः

पदः

**आज्ञाले**

**नन्दन सिंह ठगुन्ना**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**